नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

**कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका विषयमा जिल्ला बिपद् व्यवस्थापन समिति, रसुवाको मिति २०७६/१२/०९ को बैठकबाट पारित भएका निर्णयहरुः**

१. शंकास्पद बिरामीहरु निगरानी तथा उपचार व्यवस्थापनका लागि जिल्ला स्तरमा ३(तीन) दिनभित्र देहायका व्यवस्था मिलाउने।

क. मानव आश्रयस्थल (Human Quarantine) कक्षः- २१० शैया

- रसुवागढी क्षेत्र -३० शैया (होटेल/लज भाडामा)
- स्याफ्रुवेशी – १५ शैया (कोमिन श्याङफेल मा.वि.)
- धुन्चे बजार क्षेत्र – ५० शैया (कृषि ज्ञान केन्द्र/पशु विज्ञ तथा भेटेनरी अस्पताल)
- कालिकास्थान – ५० शैया (कालिका हिमालय कलेज)
- थाम्वुचेत – १५ शैया (सरस्वती नि.मा.वि.)
- पारर्च्याङ – १५ शैया (निर्माणाधिन गाउँपालिका भवन)
- डाडाँगाउँ – १५ शैया (डाँडागाउँ मा.वि.)
- बेत्रावती – २० शैया (सहकारी भवन)

ख. आइसोलेसन (Isolation) कक्षः- ३५ शैया

- रसुवा अस्पताल धुन्चे- २० शैया (महिला विकास भवन समेत)
- जिबजिबे ग्रामिण अस्पताल - १५ शैया (नमूना निलकण्ठ मा.वि.)

२. जिल्ला भित्र आवागमन हुने सवारी साधन तथा मानिसहरुको आवत जावतलाई ध्यानमा राखी जिल्लाभित्र निम्न १० स्थानमा Health Screening का लागि ज्वरो नाप्ने उपकरण र प्राविधिक जनशक्तिसहित स्वास्थ्य सहायता कक्ष (Health Help Desk) स्थापना गर्ने।

- उत्तरगया गा.पा.- बेत्रावती बजार, मैलुङ
- कालिका गा.पा.- कालिकास्थान
- नौकुण्ड गा.पा.- पारर्च्याङ, सरमथली
- गोसाईकुण्ड गा.पा.- धुन्चे, स्याफ्रुवेशी, रसुवागढी
- आमाछोदिङमो गा.पा.- चिलिमे, गत्लाङ(गोदाम)

३. जिल्लास्थित सुरक्षा निकायहरुमा आवश्यक परेको बेला तत्काल परिचालन हुने गरी ९५ जनाको COVID-19 CRT (Crisis Response Team) तयारी अवस्थामा राख्नेः

- कालीजंग गण -३० जना
- जिल्ला प्रहरी कार्यालय - १५ जना
- स.प्र.बल २० नं. गुल्म -२५ जना
- स.प्र.बल २१ नं. गुल्म -२५ जना

४. जिल्लास्तरीय कोभिड-१९ उच्च स्तरीय व्यवस्थापन टास्क फोर्स (COVID-19 High Level Management Task Force) गठन गर्नेः

- जिल्ला समन्वय प्रमुख - संयोजक
- गाउँपालिका अध्यक्ष (सबै) - सदस्य
- राजनैतिक दलका प्रमुखहरु - सदस्य

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

- प्रमुख जिल्ला अधिकारी -सदस्य
- सुरक्षा निकाय प्रमुख (सबै) - सदस्य
- स्वास्थ्य कार्यालय प्रमुख - सदस्य
- रसुवा अस्पताल प्रमुख - सदस्य
- नागरिक समाज, अध्यक्ष - सदस्य
- पत्रकार महासंघ, अध्यक्ष - सदस्य
- उद्योग वाणिज्य संघ अध्यक्ष - सदस्य
- चेम्वर अफ कमर्श अध्यक्ष/प्रतिनिधि - सदस्य
- गै.स.स. महासंघ अध्यक्ष/प्रतिनिधि - सदस्य

५. जिल्लास्तरीय कोभिड-१९ स्वास्थ्य व्यवस्थापन टास्क फोर्स (COVID-19 Health Management Task Force) गठन गर्नेः

- स्वास्थ्य कार्यालय प्रमुख - संयोजक
- रसुवा अस्पताल प्रमुख – सदस्य
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र प्रमुख - सदस्य
- कालीजंग गण प्रतिनिधि (स्वास्थ्य प्रमुख) - सदस्य
- नेपाल रेडक्रश सोसाइटी, प्रतिनिधि (महामारी हेर्ने) – सदस्य
- जिबजिबे प्रा.स्वा. के. प्रमुख - सदस्य
- रसुवा अस्पताल नर्सिङ इंन्चार्ज - सदस्य
- सामुदायिक आँखा केन्द्र -सदस्य
- ह्यान्डीक्याप इन्टरनेशनल, रसुवा इन्चार्ज - सदस्य
- स्वास्थ्य कार्यालय महामारी फोकल पर्सन - सदस्य

६. सबै गाउँपालिकामा गाउँपालिकास्तरीय कोभिड-१९ व्यवस्थापन टास्क फोर्स (Rural Municipality Level COVID-19 Task Force) गठन गर्नेः

- प्रमुख प्रशासकीय अधिकृत – संयोजक
- स्वास्थ्य शाखा प्रमुख – सदस्य
- स्थानीय प्रहरी चौकी प्रमुख - सदस्य
- सम्बन्धित गाउँपालिकाभित्रका नेपाली सेना, सशस्त्र प्रहरी प्रमुख - सदस्य
- स्वास्थ्य सम्बन्धी काम गर्ने स्थानीय संघ संस्था प्रमुख - सदस्य

७. जिल्लाबाहिर रहेका रसुवा जिल्लामा आउन चाहने स्थानीयवासीलाई यथाशक्य चाँडो जिल्लाभित्र आउन सार्वजनिक आह्वान गर्ने । यसरी आउने रसुवावासीहरूलाई Self-quarantine declaration form भरी अनिवार्य १४ दिन स्व-क्वारेन्टाइनमा रहने व्यवस्था गर्ने । त्यसरी क्वारेन्टाइनमा रहे

८. अत्यावश्यक काममा बाहेक पदयात्रा तथा भ्रमणका लागि रसुवा आगमन गर्ने आन्तरिक पर्यटकहरुको आवागमनलाई कडाइ गर्ने र आवागमन गर्नेहरूलाई Self-quarantine declaration form भरी अनिवार्य १४ दिन स्व-क्वारेन्टाइनमा रहने व्यवस्था गर्ने ।

९. पदयात्रा तथा भ्रमणमा आउने विदेशी पर्यटकहरूलाई अर्को व्यवस्था नभएसम्मका लागि रसुवा प्रवेशमा रोक लगाउने ।

१०. जिल्लाभित्रका २७ वटै वडामा रहेका स्वास्थ्य चौकी/संस्था प्रमुख र स्वास्थ्यकर्मीहरुको विवरण अद्यावधिक गर्ने ।

११. रसुवा अस्पताल र जिबजिबे ग्रामीण अस्पतालमा देहायानुसार ५ सदस्यीय RRT (Rapid Response Team) गठन गरी तयारी अवस्थामा राख्ने

- अस्पताल/प्रा.स्वा.के. प्रमुख - संयोजक

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

- मेडिकल अधिकृत - सदस्य
- नर्सिङ इन्चार्ज - सदस्य
- इमर्जेन्सी इन्चार्ज - सदस्य
- प्रयोगशाला प्रमुख - सदस्य

१२. वडा/स्वास्थ्यसंस्था स्तरीय ३ सदस्यीय Rapid Response Team- RRT गठन गरी तयारी अवस्थामा राख्ने।

१३. कोभिड-१९ सम्बन्धी कार्यमा संलग्न जनशक्ति (स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, स्वयंसेवक) हरुलाई १ दिने अभिमुखीकरण गर्ने
- गाउँपालिकास्तरका RRT/Taskforce, Health Desk मा बस्ने कर्मचारीलाई- District Health Task Force ले दिने
- वडा/स्वास्थ्य चौकीस्तरका RRT लाई- गाउँपालिकास्तरीय RRT/Task Force ले दिने

१४. जिल्ला र स्थानीय तहका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतका कर्मचारीलाई अत्यावश्यक काममा बाहेक बिदा वा काजमा नछाड्न आवश्यक व्यवस्था गर्ने।

१५. कोरोना भाइरस सम्वन्धी Health Screening, Quarantine, Isolation, Treatment, Referral सम्बन्धी District Health Management Task Force ले जिल्लास्तरीय कार्यप्रकृया/मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्ने।

१६. सबै गाँउपालिकास्तरमा विवाह, व्रतबन्ध, गोष्ठी, सेमिनारजस्ता भीडभाड, जमघट, जनभेला हुने कार्यहरूमा पूर्ण रोक लगाउने ।

१७. जिल्लास्तरमा जिल्ला प्रशासन कार्यालय अन्तर्गतको जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र (DEOC) लाई र गाँउपालिकास्तरमा स्वास्थ्य शाखालाई कोभिड-१९ रोकथाम तथा नियन्त्रण सूचना केन्द्र (COVID-19 Information Center) तोक्ने। सूचना केन्द्रलाई चौबिसै घण्टा सञ्चालन हुने व्यवस्था गर्ने।

१८. जनमानसमा व्यापक जनचेतना जगाउनका लागि प्रत्येक वडा कार्यालयबाट टोलटोलमा जानकारीमूलक माइकिङ गर्ने, जानकारीमूलक शैक्षिक सामग्री वितरण गर्ने, सञ्चार माध्यमबाट प्रचारप्रसार गर्ने।

१९. सार्वजनिक कार्यालयहरु/निजी तथा सामुदायिक कार्यालय/संस्थाहरुमा Hand Sanitizer वा साबुनपानीले हात धुने व्यवस्था अनिवार्य गर्ने। साथै जनस्तरमा पनि साबुनपानीले हात धुनका प्रोत्साहन गर्ने।

२०. अत्यावश्यक काममा बाहेक आवतजावत र हिंडडुल नगर्न सर्वसाधारणमा सार्वजनिक आह्वान गर्ने।

२१. सार्वजनिक यातायातका सवारीसाधनमा सिट क्षमताभन्दा बढि यात्रु ओसारपसार नगर्ने/नगराउने र सवारीसाधन सञ्चालन गर्नुअघि Disinfection अनिंवार्य हुने व्यवस्था कार्यान्वयन गर्ने।

२२. मानिसहरूको जमघट बढि हुने सार्वजनिक स्थलहरूमा दैनिक रूपमा निश्चित समयको अन्तरालमा सरसफाइ गर्ने व्यवस्था मिलाउने। सोको नेतृत्व र समन्वय वडा कार्यालयले गर्ने।

२३. सरकारी, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूबाट जिल्ला र स्थानीय स्तरमा सञ्चालन हुने बैठक, तालिम, सेमिनार, सभा, सम्मेलन, गोष्ठी आदि बन्द गर्ने।

२४. होटल, रेष्टुरेन्ट, बार, रिसोर्ट, लज, सपिङ मलजस्ता जमघट हुने स्थानहरूमा ज्वरो मापन गर्ने उपकरण (Non-Contact Thermometer) तथा साबुनपानी र Hand Sanitizer को अनिवार्य व्यवस्था गर्ने।

२५. सर्वसाधारण नागरिकमा भ्रम सिर्जना गर्ने/गराउने र त्रास फैलाउने गरी कुनै पनि सञ्चारमाध्यम वा सामाजिक सञ्जालबाट भ्रामक वा आधारहीन अभिव्यक्ति दिएमा प्रचलित कानुनबमोजिम कारबाही गर्ने।

२६. प्रत्येक गाउँपालिकाबाट १५/१५ लाखका दरले हुन आउने ७५ लाखको कोभिड-१९ नियन्त्रण र रोकथामका लागि आकस्मिक कोषको व्यवस्था गर्ने र उक्त कोष सञ्चालन सम्बन्धित गाउँपालिकाबाटै हुने। कोभिड-१९ नियन्त्रण रोकथाम खर्च प्रयोजनका लागि अन्य संघ संस्था, व्यक्तिबाट प्राप्त हुने सहयोग जिल्ला विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने।

२७. स्थानीयस्तरका सबै स्वास्थ्य चौकी/संस्थाहरूमा कोभिड-१९ स्क्रिनिङका लागि न्यूनतम देहायका सामग्री व्यवस्था गर्ने:
- Non-contact Thermometer-1pc
- Masks (N95)-3pc

- Medical masks- 50pc
- Gloves-20pc
- PPE (Personal Protective Equipment)-1set

२८. जिल्लास्तरमा स्वास्थ्य कार्यालय प्रमुख, गाँउपालिकास्तरमा स्वास्थ्य शाखा प्रमुख र वडास्तरमा स्वास्थ्य चौकी/संस्थाको प्रमुखलाई कोभिड-१९ को स्वास्थ्य व्यवस्थापन र सूचना सम्वन्धी कार्यका लागि सम्पर्क स्रोत ब्यक्ति (Focal Point) तोक्ने। यसको विवरण अद्यावधिक र समन्वय सम्बन्धी कार्यजिम्मेवारी स्वास्थ्य कार्यालयलाई तोक्ने।

२९. सबै स्वास्थ्य चौकीहरु/हेल्थ डेस्कबाट भए गरेका दैनिक स्वास्थ स्क्रिनिङ र मानिस तथा सवारी साधनको आवतजावत सम्वन्धी विवरण/सूचनाहरु दैनिक रूपमा सम्बन्धित स्वास्थ्य चौकीहरु/हेल्थ डेस्कबाट गाउँपालिका र जिल्लास्तरमा स्थापना भएको कोभिड-१९ रोकथाम तथा नियन्त्रण सूचना केन्द्र (COVID-19 Information Center) मा नियमित प्रतिवेदन गर्ने प्रणाली विकास गर्ने।

३०. जिल्लाभरीका एम्बुलेन्सहरूलाई देहायका स्थानमा आवश्यक परेको बेला प्रयोग हुन सक्ने गरी तयारी र चालू अवस्थामा राख्ने: टिमुरे, स्याफ्रुबेँसी, चिलिमे, धुन्चे, कालिका, बेत्रावती, पार्च्याङ।

३१. दैनिक परिस्थितिको संकटासन्न अवस्थाको विश्लेषणका आधारमा कोभिड-१९ को अतिउच्च जोखिम अवस्थामा रसुवा जिल्ला वा भित्रका छुट्याइएका विभिन्न ब्लकहरु वा बजार केन्द्रलाई आधार मानी मानिस तथा सवारी साधनको आवागमनमा रोक लगाउने।

क) ब्लक "क"- रसुवागढी, टिमुरे क्षेत्र

ख) ब्लक "ख"- स्याफ्रुवेशी, थुमन, दाहालफेदी, गत्लाङ, गोल्जुङ, बाँहुनडाँडा, चिलिमे, तातोपानी, पाजुङ लगायतका क्षेत्र

ग) ब्लक "ग"- बेत्रावती, खाल्डे, हाँकु, ग्रे, मैलुङ, तिरु, डाँडागाँउ क्षेत्र

घ) ब्लक "घ"-लिङलिङ, बृद्धिम, खाम्जिङ, शेर्पागाँउ, रिम्चे, बेम्बो, पहिरे, लामा होटेल, लाङटाङ, क्यान्जिन क्षेत्र

ङ) ब्लक "ङ"- धुन्चे, ग्राङ, राम्चे, कालिका, जिवजिवे, धारापानी क्षेत्र

च) ब्लक "च"- भोर्ले, पार्च्याङ, सरमथली, यार्सा, सर्स्यू क्षेत्र

३२. जिल्लाका सबै गाँउपालिकास्तरमा युवाहरु, विभिन्न संघसंस्था प्रमुख तथा सबै समुदाय समट्ने गरी सामाजिक सञ्जाल (फेसबुक/म्यासेन्जर/भाइवर/ट्वीटर लगायत ) कोभिड-१९ सूचना सम्प्रेषण समूह निर्माण गरी संक्रमण अवस्थाबारे सूचना आदानप्रदान गर्ने।

३३. सबै स्थानीय तह वडाहरुको नेतृत्वमा जिल्लाका देहायका मूख्य वजारस्थलहरुमा वजार अनुगमन गरी वजारमा रहेको दैनिक उपभोग्य खाधान्न सामग्रीको मौज्दात (Stock), दैनिक सामग्रीको खपत र स्थिर अवस्थामा पुग्न सक्ने न्यूनतम अवधि (महिना/दिन) समेत खुल्ने गरी विवरण संकलन गर्ने र बजारलाई नियमित निगरानी गर्ने।

क) गोसाइकुण्ड गा.पा.- रसुवागढी टिमुरे, स्याफ्रुवेशी, थुमन, ठूलोस्याफ्रु, भार्खु, ठूलो भार्खु, धुन्चे, ठाडे, लिङलिङ, बृद्धिम, खाम्जिङ, शेर्पागाँउ, लाङटाङ क्षेत्र- १३ स्थानहरु

ख) आमाछोदिङमो गा.पा.- गत्लाङ, गोल्जुङ, चिलिमे, तातोपानी, हाँकु, ग्रे – ६ स्थानहरु

ग) कालिका गा.पा.- कालिकास्थान, घुम्ती, राम्चे, जिबजिबे, धारापानी, ग्राङ- ६ स्थानहरु

घ) उत्तरगया गा.पा.- बेत्रावती, खाल्डे, लहरेपौवा, बोगटीटार, मैलुङ, तिरु, ठूलोगाउँ, डाँडागाँउ- ८ स्थानहरु

ङ) नौकुण्ड गा.पा.- भोर्ले, पार्च्याङ, सरमथली, पाटीखर्क, यार्सा, लाङवु, सर्स्यू- ७ स्थानहरु

३४. हेल्थ डेस्कहरु, क्वारेन्टाइन कक्षहरु, आइसोलेसन कक्षहरु, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी/जनशक्ति प्रयोगका लागि पिपिइ सेटहरु, सरसफाइ तथा Disinfection सम्बन्धी महत्त्वपूर्ण र आवश्यक सामग्रीहरु संघ/प्रदेश सरकारबाट माग गर्ने।

३५. यी निर्णयहरू कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालयले कार्ययोजना तयार गरी सम्बन्धित सबै सरोकारवालामा पठाउने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा